"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"

तातोपानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट,जुम्ला

कर्णाली प्रदेश,नेपाल

प.स :- २०८१ / ८२

च.नं:- ५२८

मिति २०८१/१०/२५

ने.स.११४५ सिल्लाथ्व दशमी

**विषय : गाउँसभाको १६ औं अधिवेशन सम्बन्धमा ।**

**श्री सरोकार वाला सबै ,**

उपरोक्त सम्बन्धमा यस तातोपानी गाउँपालिका गाउँसभाको १६ औं अधिबेशनमा आ.व २०८१/८२ को अर्धवार्षिक वितिय तथा भौतिक प्रगति विबरण अनुमोदन,(पुजीगत खर्च १५.२४ % र चालु खर्च ३३.१६% गरि समग्रमा २७.३२% खर्च ) - घर बिमा सम्बन्धी कार्यविधी २०८१, एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधी २०८१ , लोकसेवा आयोगको निशुल्क कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी २०८१, अटोरिक्सा सम्बन्धी सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ , तातोपानी गाउँपालिका व्यवसायिक पंक्षी फर्म तथा ह्याचरी सञ्चालन सम्बन्धी कार्यविधी २०८१ ,तातोपानी गाउँपालिकाको विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम सम्बन्धी कार्यविधी २०८१, तातोपानी गाउँपालिकाको नर्सरी सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१, पोषण मैत्री वडा तथा पालिका घोषणा सम्बन्धी कार्यविधी २०८१, ढुङ्गा गिट्टी बालुवा उत्खनन सम्बन्धी मापदण्ड २०८१ , घर नक्सा पास सम्बन्धी कार्यविधी २०८० पहिलो संशोधन , तातोपानी धारा सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७९ पहिलो संशोधन ,कन्टीजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधी २०८१ ,छाउपडी प्रथा विरुद्धको कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१ बाल सहभागिता कार्यविधी २०८१ ,बाल बिवाह निरोत्साहित निर्देशिका २०८१, बाल बालिकाहरु माथी हुने सबै प्रकारका हिंसा उजुरी सुनुवाई कार्यविधी २०८१ ,आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१ लगायत विविध नीति गत निर्णय गर्दै १६ औं अधिवेशनको बैठक सम्पन्न भएको सहर्ष जानकारी गराउदै गाउँ सभाको अधिवेशनमा उपस्थित भई शुभकामना दिनु हुने अतिथि, पत्रकार, दर्शकदिर्घा, सर्वसाधारण विभिन्न संचार माध्यम बाट सल्लाह सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ब्यक्त गर्दछु |साथै गाउँ सभाको १६ औं अधिवेशनको बैठक सफल गराउन अहोरत्र लागि पर्ने कर्मचारी मित्र र गाउँ सभा सदस्य सबै लाई विषेश आभार प्रकट गर्दै गाउँ सभाको १६ औं अधिवेशनको बैठक सम्पन्न भएको व्यहोरा जानकारी गरिन्छ ।

नन्द प्रसाद चौलागाई

अध्यक्ष

फोन:९८४९३३७७१२ *Email-info@tatopanimun.gov.np* *Website-www.tatopanimun.gov.np*

" व्यावसायिक र सिर्जनशिल प्रशासन : बिकास, समृद्धि र शुसासन "

तातोपानी गाउँपालिकाको गाँउ सभाको सोह्रौं गाउँ अधिवेशनमा गाउँपालिका उपाध्यक्ष श्री रेवती रावलज्युले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१।८२ को अर्धवार्षिक वित्तिय तथा भौतिक प्रगति विवरण

तातोपानी गाउँपालिका, जुम्ला

२०८१ माघ २५

गाउँसभा अध्यक्ष महोदय,

गाउँसभा सदस्यज्युहरु,

राष्ट्रसेवक कर्मचारी, पत्रकार, सुरक्षाकर्मी, तथा यहाँ उपस्थित सम्पुर्ण महानुभावहरु,

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य कानूनी प्रावधन बमोजिम प्रत्येक आर्थिक वर्ष गाउँसभाको वैठक कम्तिमा दुई पटक बस्ने व्यवस्था भए बमोजिम तातोपानी गाउँपालिकाको गाउँसभाको हिउँदे अधिवेशन शुरु गरेका छौं । आर्थिक वर्षको शुरुवातमै बार्षिक बजेट, नीति तथा कार्यक्रम ल्याईसकिएको कुरा यहाँहरु जानकारनै हुनुहुन्छ र कानून निर्माणको अधिवेशनको रुपमा चिनिने यस गाउँ सभाको सोह्रौं अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु । यस सभामा विशेष गरि पालिकालाई आवश्यक पर्ने स्थानीय कानून निर्माण र संशोधन, हालसम्मको वित्तिय तथा भौतिक प्रगतीको अवस्था र योजना/कार्यक्रम संशोधन लगायतका विषयमा व्यापक छलफल र निष्कर्षमा केन्द्रित रहनेछ ।

सर्वप्रथम, तातोपानी गाउँपालिकाको चिनारी संक्षिप्त रुपमा राख्ने अनुमति चाहन्छु । प्राकृतिक, धार्मिक सांस्कृतिक तथा पर्यटकिय क्षेत्रको रुपमा परिचित तातोपानी गाउँपालिका ५२५.५१ वर्ग किलोमिटरमा फैलिएको छ । २०७८ सालको जनगणना अनुसार हाल यस पालिका भित्र जम्मा जनसंख्या १५,५७५ रहेको छ भने जसमा महिला ७,८७६ र पुरुष ७,६९९ रहेका छन् । त्यसैगरि ३०.२७% साक्षतरता दर रहेको पालिका भित्र जम्मा २९ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा रहेको कुरा यहाँहरुमाझ संक्षिप्तमा जानकारी गराउदछु । असिमित मानविय आवश्यक्ता, केहि कानूनी बाधा अड्चन, स्रोत र मानविय जनशक्तीको अभावका बीच पनि *"सुखि र समृद्ध पालिका"* निर्माणमा जुटेको कुरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु ।

तातोपानी गाउँपालिकाको पर्यटकिय सम्पतीको रुपमा रहेको तातोपानी धारा, गिडीदह र नदैडाव जस्ता क्षेत्रको सम्वन्धित वडा कार्यालय र अन्य सरोकारवाला निकायहरुसंगको समन्वय, सहजिकरण र आर्थिक साझेदारीमा पर्यटकिय संरचनाको निर्माणमा जोड दिदैं संरक्षण र प्रवर्द्धनमा समेत जोड दिईएको छ । यस तातोपानी गाउँपालिकामा अधिकाश जनसंख्या कृषिमा आधारित रहेको र मुख्य आम्दानीको स्रोतनै कृषि भएकाले उक्त क्षेत्रलाई विभिन्न अनुदान र प्राविधिक सहयोग मार्फत कृषि उत्पादनमा जोड दिईएको छ । पछिल्लो समय पालिकामा मात्र नभई देशव्यापी रुपमा सार्वजनिक शिक्षाको गुणस्तर खस्किदै गएको तथ्यांक विभिन्न प्रतिवेदनले देखाईसकेको अवस्थामा र देश विकासको मूख्य आधारनै शिक्षा हो भन्ने ध्ययेले तातोपानी गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष

प्रथामिकता दिएको कुरा यहाँहरुलाई राख्न चाहन्छु । पालिका भित्रका २९ वटै सामुदायिक विद्यालयहरुमा स्थानीय कृषि उपजमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम लागु गरिएको छ । जुन कार्यक्रम बाट करिब २८ सय विद्यार्थीहरु स्थानीय अर्गानिक खाजाबाट लाभान्वित भएका छन् । त्यसैगरि १५ वटा सामुदायिक विद्यालयमा भान्सा घरको निर्माण र मर्मत कार्य शुरु भएको छ ।विभिन्न गैरसरकारी संघ संस्था संगको समन्वय, सहजीकरण र साझेदारीमा बालमैत्री कक्षाकोठा, खानेपानी धारा, खेलमैदान, घेराबार लगायतका शैक्षिक संरचनाको मर्मत र निर्माण कार्यलाई तिव्रता दिईएको छ । शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम सञ्चालन गर्नुका साथै बालबिकास देखि कक्षा ३ सम्म का कक्षाकोठाहरु छापामय बनाईएको छ ।

यसका अलवा तातोपानी गाउँपालिकाले गत आर्थिक बर्ष २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रममा वैशाख मसान्त भित्र वित्तिय समानिकरण अनुदान अन्तर्गत सञ्चालित सम्पूर्ण योजनाहरुको कार्य सम्पन्न गरि अन्तिम भुक्तानी दिने नीति लिएकोमा सोहि बमोजिम कार्य सम्पादन गर्दै आएको कुरा यहाँमाझ जानकारी गराउँदछु । हालसम्म ७१ वटा आयोजनाको सम्झौता कार्य सम्पन्न गरिएको छ भने २० वटाको पेश्की रकम उपलब्ध गराईएको र ९ वटा योजनाको अन्तिम भुक्तानी दिईसकिएको कुरा जानकारी गराउँदछु। गत आ.व. को तुलनामा चालु आ.व.मा योजना कार्यान्वयन चुस्त रुपमा बढ्न सकेको छैन । उपभोक्ता समितिको सहजताका लागि चालु आर्थिक बर्षमा उपभोक्ता समिति दर्ता र अनलाईन मार्फत योजना सम्झौता कार्य सुचारु गरेकाले योजना कार्यान्वयन लक्ष्य अनुरुप अगाडी बढ्न नसकेको कुरा अवगत गराउँदछु । स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA), स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) जस्ता महत्वपूर्ण कामहरु सम्पन्न गरिसकेको अवस्था छ । अब म यहाँहरु माझ पालिकाले चालु आर्थिक बर्ष २०८१।०८२ को हालसम्म सम्पादन गरेका भौतिक, वित्तिय, संस्थागत तथा अन्य कामहरुहरुको संक्षिप्त प्रगती विवरण बुदाँगत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

१. गत आ.व. जस्तै चालु आ.व.मा पनि असारे विकासको प्रवृतिलाई अन्त्य गर्नका लागि वैशाख मसान्त भित्र योजनाको कार्यसम्पन्न गरि अन्तिम भुक्तानी दिने लक्ष्य लिईएको छ । जुन लक्ष्यलाई हाँसिल गर्न हाल सम्म १३७ वटा योजना/कार्यक्रम मध्य ७१ वटा योजना को सम्झौता, २० वटाको पेश्की रकम र १२ वटाको कार्यसम्पन्न भई जसमध्ये ९ वटाको अन्तिम भुक्तानी दिईसकिएको छ । केहि योजनाहरुको जग्गा प्राप्ति गर्नुपर्ने कानुनी बाध्यता भएकाले योजना सम्झौतामा केहि ढिलाई हुन गएको छ । सम्झौता भएका योजना/कार्यक्रमहरुको कार्यान्वयन

सती रावल
उपाध्यक्ष

प्रभावकारी रुपमा अगाडी बढेको र बाँकी योजनालाई पनि तत्काल कार्यान्वयनमा ल्याई लक्ष्य भेटाउने कुरामा हामी दृढ भएको कुरा यहाँमाझ राख्न चाहन्छु ।

हालसम्म कार्यसम्पन्न भई गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन गरी अन्तिम भुक्तानी भएका योजना/कार्यक्रमहरु निम्नानुसार रहेका छन् ।

| क्र.स | योजना/कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित रकम | भुक्तानी मिति |
|---|---|---|---|---|
| १ | कार्कीबाडा कालिका थान निर्माण | वडा नं ३ | ३ लाख | २०८१।०९।१९ |
| २ | भुयार थान निर्माण रोड ग्याबिन निर्माण | वडा नं १ | ५ लाख | २०८१।०९।१८ |
| ३ | नदैदेवि आवि देखि देउली सम्म घोरेटो बाटो निर्माण | वडा नं ८ | २ लाख | २०८१।०९।१७ |
| ४ | जोखे आटी देखि थलाले सम्म सडक स्तरोन्नती | वडा नं ८ | ५० लाख | २०८१।०९।१६ |
| ५ | जनजागृति मावि व्यवस्थापन | वडा नं ७ | ३ लाख | २०८१।०८।१८ |
| ६ | श्रीनगर चौर देखि चिन सेराडिल सम्म तटबन्ध निर्माण | वडा नं ५ | १३ लाख | २०८१।०८।२० |
| ७ | सोलार बत्ती श्रीनगर लाम्रा | वडा नं ५ | ८ लाख ५० हजार | २०८१।०६।२३ |
| ८ | गहडा खोला तटबन्धन निर्माण | वडा नं ५ | ३ लाख | २०८१।९।१७ |
| ९ | बालाङटाङ देखि बुडतडी तटबन्धन निर्माण | वडा नं ८ | ३५ लाख | २०८१।९।१९ |

२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्न विभिन्न संघ संस्था संगको सहकार्य र समन्वयलाई जोड दिईएको छ । पालिका भित्रका २९ वटा सामुदायिक विद्यालयमा विश्व खाद्य कार्यक्रम संगको साझेदारीमा *स्थानीय कृषि उपजमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम*लाई प्रभावकारी रुपमा अगाडी बढाईएको छ । हाल विद्यार्थीहरु पत्रु खाजा (Junk Food) को ठाउँमा पोसिलो जाउलो, कोल, कोदोको हलुवा, मकैको ढिँडो लगायत पोसिलो खाने कुराबाट लाभान्वित छन् जसले उनिहरुको सिकाई उपलब्धी हाँसिल गर्न लगायत शारीरिक तथा संवेगात्मक विकासमा टेवा पुगेको छ । त्यसैगरी चालु आर्थिक बर्षमा १५ वटा सामुदायिक विद्यालयमा भान्सा घर निर्माण र मर्मत कार्य शुरु भएको छ जसमा १२ वटा नयाँ निर्माण र बाँकी ३ वटाको मर्मत हुनेछ । बालविकास देखि कक्षा ३ सम्मका कक्षाकोठामा बालमैत्री वातावरण बनाउन कार्पेट, राउण्ड टेबल, पुस्तकको व्यवस्था सँगै कक्षाकोठालाई छापामय बनाईएको छ ।विद्यार्थीहरुको कला र सिपलाई

रेवती रावल
उपाध्यक्ष

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

*शैक्षिक मेलाको* आयोजना बाट प्रदर्शनमा ल्याईएको छ । साथै तातोपानी गाउँपालिकालाई साक्षर पालिका घोषणा गर्ने काम यसै आ.व. मा सम्पन्न भएको छ ।त्यसैगरी २९ वटै सामुदायिक विद्यालयका २८१३ जना विद्यार्थीहरुलाई दिवा खाजाका लागि थाल कचौरा गिलास लगायतका खाजा पकाउनका लागि आवश्यक प्रेसर कुकर, ट्याङ्का, कराई डेक्ची, बाल्टी जस्ता भाँडावर्तन र खाद्यान्न भण्डारणका लागि बाकस उपलब्ध गराईएको छ ।

३. सुरक्षित नागरिक आवास कार्यक्रमबाट पालिकाका ३६ वटा विपन्न परिवार लाभान्वित भएका छन् । विपन्न नागरिकको घरमा खरको छाना मुक्त गरी जस्ता छाना लगाउने उद्देश्यले सञ्चालन भएको यस कार्यक्रममा ८ वटै वडाका नागरिकहरु प्रत्येक्ष रुपमा लाभान्वित भएका छन् । प्रति घर रु ७५ हजार पाउनुपर्ने कानूनी प्रावधान भएपनि बजेट अभावका कारण हाललाई प्रति घर रु ५० हजारका दरले भुक्तानी दिईएको छ र बाँकी संङ्घीय सरकारबाट प्राप्त भईसकेपछि पुन भुक्तानी दिईनेछ ।

४. स्थानीय सरकारको कामकारवाही लाई लेखाजोखा तथा जाँच गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन नेपाल सरकारले विभिन्न कदमहरु चालेको छ ।स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA), स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय आर्थिक विकास (LED) का माध्यमबाट कार्यसम्पादनलाई प्रत्येक्ष निगरानी राख्ने र सोको प्रतिफल बमोजिम वित्तिय अनुदान प्रदान गर्ने भएकाले यि माथि उल्लिखित तीन वटै क्षेत्रको काम सम्पन्न गरी मुल्यांकनका लागि सम्बन्धित निकायमा पठाईसकिएको जानकारी यहाँमाझ राख्न चाहन्छु ।

५. स्थानीय सरकार शिक्षा क्षेत्रको मात्र सुधारमा नभई कृषि र स्वास्थ्य लगायतका क्षेत्रमा पनि उत्तिकै गम्भिर रुपमा लागेको छ । पालिका भित्रका खेतियोग्य जमिनमा सिचाईको आवश्यक्तालाई मध्यनजर गर्दै सोलार बाट चल्ने गरी ८ वटा सिचाई लिफ्ट आयोजना सम्पन्न भए तर विभिन्न कारणले उक्त आयोजनाहरु प्रभावकारी रुपमा सञ्चालनमा ल्याउन सकिएन । जुन कुराको सिकाई पछि हाल पालिकाले विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था सँगको आर्थिक तथा प्राविधिक साझेदारीमा बिजुली बाट चल्ने गरी वडा नं ६ धौलापानीमा सिचाई लिफ्ट निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ भने अन्य वडाहरुमा पनि निर्माण हुँदै गरेको अवगत गराउँदछु । त्यसैगरी स्थानीय वालीको उत्पादनमा वृद्धि गर्न कृषकहरुलाई कृषि औजार, मल विउ, क्षमता अभिवृद्धि लगायतका तालिमहरु उपलब्ध गराईएको छ । विशेष गरी कृषि सहकारीहरुलाई स्थानीय कृषि उपज प्रशोधन सामाग्री वितरण गरिएको छ ।

रेवती रावल
उपाध्यक्ष

६. सामाजिक विकृति र कुसंस्कारका रुपमा जरा गाडेर बसेका बालबिवाह, छाउपडी प्रथा, बहुविवाह, महिला माथि हुने घरेलु हिंसा लगायतका अमानविय कार्यलाई न्युनिकरण गर्न प्रत्येक वडा र मावि विद्यालयहरुमा सडक नाटक जस्ता कार्यक्रम सञ्चालन गरी सचेतनाका कामहरु गर्दै आएका छौं । त्यसैगरी स्थानीय कला र भाषाको संरक्षण हुने र विसंगति विरुद्ध समेत आवाज उठ्ने हुँदा आमा समूह बीच देउडा प्रतियोगिता र वक्तित्वकला आयोजना सम्पन्न गर्दै आएका छौं ।

७. आर्थिक रुपले अति विपन्न बालबालिकाको पहिचान गर्दै उनिहरुलाई शैक्षिक सामाग्री लगायत पोसाक वितरण गरेका छौं । शारीरिक तथा मानसिक रुपमा अशक्त नागरिकलाई खाद्यान्न तथा लत्ताकपडा सहयोग गरिएको छ । त्यसैगरी, पालिका भित्र रहेका वृद्धवृद्धालाई चिसो बाट बचाउन प्रत्येक बर्ष न्यानो कपडा वितरण गर्दै आएको र सो कामलाई यस चालु आ.व.मा पनि निरन्तरता दिएको जानकारी गराउदछु ।

८. चालु आर्थिक वर्ष को बार्षिक नीति कार्यक्रम तथा बजेटमा पालिका भित्रका एकल पुरुषलाई भत्ता दिने, सम्पुर्ण आवासिय घरको बीमा गर्ने, जेहेन्दार विद्यार्थीका लागि लोक सेवा आयोग कक्षा सञ्चालन गर्ने तथा विपन्न नागरिकका लागि निशुल्क स्वास्थ्य बीमामा लाग्ने रकम बेहोर्ने जस्ता जनपक्षिय कार्यक्रमहरु समावेश भएअनुरुप उक्त कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वियन ल्याउन स्थानिय कानूनको आवश्यक्ता रहेको थियो । उक्त कानुनहरु निर्माण भई सम्मानि गाउँसभामा पेश गरिएको छ र सभा बाट पास हुने वित्तिकै तुरुन्त कार्यान्वियनमा ल्याउने कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

९. पालिका अन्तर्गत रहेको पंशुपंक्षी विकास शाखाबाट हुने कार्यसम्पादनलाई चुस्त बनाईएको छ । हालसम्म उक्त शाखा अन्तर्गत रहेको डिस्पेन्सरी मार्फत जम्मा १३८१ वटा पशुपंक्षी प्रत्येक्ष लाभान्वित भएका छन् । पालिकामा स्थापना गरिएको तातोपानी आरोग्य केन्द्रबाट हालसम्म ७० जना नागरिकले स्वायधन स्नान सेवा लिएका छन् ।

१०. कार्यालयको काम कारवाहिलाई थप व्यवस्थित र प्रभावकारी बनाई नतिजामुलक बनाउन विभिन्न १५ वटा स्थानीय कानून (ऐन, नियमावली, कार्यविधि, र मापदण्ड) निर्माण र २ वटा को पहिलो संशोधन गरि पारितका लागि सम्मानित गाउँ सभाको सोह्रौं अधिवेशनमा पेश गरिएको छ । निर्माण भएका कानूनहरु निम्नानुसार रहेका छन् ।

क) घर बीमा सम्बन्धी कार्यविधि, २०८१

ख) एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१

ग) लोकसेवा आयोगको निशुल्क कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

घ) अटो रिक्सा सम्बन्धी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१

ङ) तातोपानी गाउँपालिका व्यावसायिक पंक्षी फर्म तथा ह्याचारी सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

च) तातोपानी गाउँपालिकाको विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी कार्यविधि, २०८१

छ) तातोपानी गाउँपालिका जुम्लाको लागि नर्सरी सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१

ज) पोषणमैत्री वडा तथा पालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१

झ) ढुङ्गा गिट्टी बालुवा उत्खनन सम्बन्धी मापदण्ड, २०८१

ञ) घर नक्सा पास सम्बन्धी कार्यविधि, २०८० (पहिलो संशोधन)

ट) तातोपानी धारा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संशोधन)

ठ) कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१

ड) छाउपडी प्रथा विरुद्धको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

ढ) बाल सहभागिता कार्यविधि, २०८१

ण) बालविवाह निरोत्साहित निर्देशिका, २०८१

त) बाल बालिकाहरु माथि हुने सबै प्रकारका हिंसा उजुरी सुनुवाई कार्यविधि, २०८१

थ) तातोपानी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि, २०८१

११. पालिकाको आन्तरिक स्रोतलाई मजबुद बनाउन राजश्व सङ्कलन कार्यलाई विशेष जोड दिईएको छ । बर्षेनी सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई दिने विभिन्न अनुदानहरु क्रमिक रुपमा घटाउँदै लगेकाले पालिकाको प्रमुख स्रोत नै राजश्व सङ्कलन भएकाले राजश्वका दायरा फराकिलो बनाई राजश्व परिचालनमा जोड दिईएको छ । जसअनुरुप हाल सम्म पालिकाले १७ लाख ५३ हजार आठ सय चार रुपैंया सङ्कलन गरेको छ ।

१२. विभिन्न समयमा प्राकृतिक प्रकोप भुकम्प, बाढीपहिरो लगायत अन्य कारणले बर्षेनी भौतिक संरचनाको क्षेति हुँदै आएकाले उक्त कुरालाई मध्यनजर गर्दै चालु आ.व. देखि पालिकाको सम्पुर्ण घरका लागि घर बीमा कार्यक्रम शुरु गरि हाल सम्म करिब ५ सय घरधुरी घरबीमा कार्यक्रमबाट लाभावन्वित भएको कुरा यहाँहरुलाई जानकारी गराउँदछु ।

१३. हालसम्म ७५० भन्दा बढी पशुपक्षींको उपचार, कृषकहरुलाई चुना तथा निलोतुथो वितरण लगायत गरिवी निवारण लघु उद्यम विकास (मेड्पा) कार्यक्रम मार्फत २० जना युवालाई सिपमुलक सिलाईकटाई, पावर टिलर मर्मत तालिम सम्पन्न गरिएकोछ भने किर्डाक नेपाल संगको साझेदारीमा अटो मोवाईल, प्लम्बिङ्ग, हाउस वायरिङ् लगायत अन्य सिपविकास तालिमका लागि ७५ जना युवाहरुका लागि तालिम सञ्चालन हुँदैगरेकोछ ।

१४. पालिकाको वित्तीय प्रगती निम्नानुसार रहेको छ ।

| क्र.स. | शिर्षक | बजेट | खर्च | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| १ | पुँजीगत | १७,०८,१५,००० | २,६०,३४,६८० | १५.२४% | १४,४७,८०,३२० |
| २ | चालु | ३५,३४,२९,५०९ | ११,७२,२१,७०१ | ३३.१६% | २३,६२,०७,८०७ |
| ३ | संघ संस्था | २,३२,८४,८५८ | - | - | - |
| जम्मा | | ५४,७५,२९,३६७ | १४,३२,५६,३८१ | २७.३२% | ३८,०९,८८,१२७ |

तातोपानी गाउँपालिकाले चालु आ.व. २०८१।०८२ मा गाउँ सभा मार्फत पुँजीगत र चालु शिर्षकमा कुल ५४ करोड १५ लाख २९ हजार तीन सय सतसठ्ठी रुपैंया बराबरको बजेट ल्याएको थियो । जसमा पुँजीगत तर्फ १६,४८,१५,००० (अक्षरुपी रु सोह्र करोड अड्चालिस लाख पन्ध्र हजार रुपैया), चालु तर्फ ३५,३४,२९,५०९ (अक्षरुपी रु पैंतिस करोड चौंतिस लाख उनान्तिस हजार पाँच सय नौ रुपैया) र विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाको २,३२,८४,८५८ (अक्षरुपी रु दुई करोड बत्तिस लाख चौरासी हजार आठ सय अन्ठाउन्न रुपैया) रहेको थियो । हाल उक्त बजेटमा संशोधन भएको जानकारी गराउँदछु । संङ्घीय सरकारबाट थप ६० लाख योजना शसर्त अनुदान अन्तर्गत थप हुन आएकाले पालिकाको चालु आवको कुल बजेट रु ५४,७५,२९,३६७ (अक्षरुपी रु चौवन्न करोड पचहत्तर लाख उनान्तिस हजार तिन सय सतसठ्ठी रुपैया) पुगेको छ । हाल सम्म पुंजगत तर्फ विनियजित रकम मध्ये २,६०,३४,६८० खर्च भई १५.२४ प्रतिशत र चालु तर्फ ११,७२,२१,७०१ खर्च भई ३३.१६ प्रतिशत उपलब्धी हाँसिल गरेका छौं । समग्रमा पालिकाको समग्र खर्च प्रतिशत २७.३२ प्रतिशत रहेको छ ।

अन्त्यमा, सुखि र समृद्ध तातोपानी गाउँपालिका निर्माणमा अहिलेको सरकार पुर्ण प्रतिवद्ध छ । एउटा मात्र निकायको प्रयास र लगावले मात्र पालिकाले लिएको लक्ष्य र उद्देश्य प्राप्तीमा कठिनाई हुने भएकाले सरोकारवाला निकाय र नागरिकलाई विकासका काममा हातेमालो गर्न विनम्र अनुरोध

गर्दछु । यसका साथै पालिकाले सञ्चालन गरेका राम्रा र नमुना अभियानमा समेत जोडिन अपिल गर्दछु । प्रभावकारी रुपमा बजेट कार्यान्वियन गर्न सकिएको अवस्थामा मात्र गाउँपालिकाले लिएको लक्ष्य र उद्देश्य पुर्ति हुने भएकाले सोको कार्यान्वियनमा यहाँहरुको पुर्ण साथ र समर्थनको आश गरेको छु ।

हाल सम्म स्थानीय सरकारले चालेका कदममा जनप्रतिनिधि, कर्मचारी, नागरिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था, पत्रकार, सुरक्षाकर्मी लगायतको साथ र सहयोग अतुलनिय र प्रशंसनीय छ । हामिले गर्ने कार्य सम्पादनका क्रममा यहाँहरुबाट आएका गुनासो, सुझाव, सल्लाह र प्रतिक्रियालाई आत्मसात गर्दै अगाडी बढी आम नागरिकको जीवनस्तर सुधार गर्न लागिरहेका छौं र आगामी दिनमा समेत यहाँहरुबाट यस्तै किसिमको रचनात्मक साथ सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद

रेवती रावल

उपाध्यक्ष